NJ: NUTA

# प्रबन्ध वक्रताका आधारमा खै-खै निबन्धको विश्लेषण

**अङ्गदमणि गौतम**
सह-प्राध्यापक, त्रि-चन्द्र बहुमुखी क्याम्पस,काठमाडौं
email: gautamangadmani@gmail.com

## सार

आचार्य कुन्तकको वक्रोक्ति सिद्धान्त पूर्वीय समालोचना सिद्धान्तमध्ये समन्वयवादी सिद्धान्तका रूपमा रहेको छ । वस्तुगत तथ्यमा आधारित रहेर काव्य रचनाको विश्लेषण गरिने भएकाले वक्रोक्ति सिद्धान्तको पाश्चात्य समालोचना सिद्धान्त शैलीविज्ञानसँग सामञ्जस्यता रहेको देखिन्छ । वक्रोक्ति सिद्धान्तमा आधारित भएर कुनै पनि कृतिमा भाषाको सबैभन्दा सानो एकाइ वर्णदेखि क्रमशः पद, वाक्य, प्रकरण हुँदै भाषाको सबैभन्दा ठूलो एकाइ प्रबन्ध वा सङ्कथन सम्मको विश्लेषण गर्न सकिन्छ । नेपाली साहित्यमा केशवराज पिंडाली एक सशक्त हास्यव्यङ्ग्य निबन्धकारका रूपमा देखिन्छन् । उनको कलम उपन्यास, कथा, निबन्ध आदिमा चलेको भए पनि पिंडाली सर्वाधिक सफल निबन्धमै देखिन्छन् । वर्णविन्यास वक्रतादेखि प्रबन्ध वक्रतासम्मको सफल प्रस्तुति रहेका उनका निबन्धहरू उक्तिवैचित्र्यता युक्त छन् ।

## शब्दकुञ्जी

वक्रोक्तिवाद, वक्रता, वर्णविन्यास वक्रता, पदपूर्वार्द्ध वक्रता, पदपरार्द्ध वक्रता, प्रकरण वक्रता, प्रबन्ध वक्रता, अतिशयोक्ति, अलङ्कार, उक्तिवैचित्र्य, आवृत्ति, अनुप्रास, अभिधार्थ, व्यङ्ग्यार्थ, समानान्तरता, विषय, शैली, उद्देश्य, हास्यव्यङ्ग्य,

## १ विषय प्रवेश

केशवराज पिंडाली (वि.सं. १९७१-२०५५) कृष्णराज शर्मा र युगमञ्जरी देवीका जेष्ठ सुपुत्रका रूपमा काठमाडौंको क्षेत्रपाटीमा जन्मेका हुन् । नेपाली निबन्धमा हास्य व्यङ्ग्यको सफल प्रयोग गरेर नेपाली व्यङ्ग्य निबन्धलाई गरिमामय बनाउने पिंडालीले आफ्नो पैत्रिक थलो धादिङ्ग जिल्लाको पिंडा गाउँको स्मृतिमा आफ्नो थर लामिछाने हटाएर पिंडाली लेख्न थालेका हुन् (पन्त,२०५०:२९१) । पिंडालीको कलम निबन्ध, कथा, र उपन्यासमा चलेको भए पनि सर्वाधिक उर्वर हास्यव्यङ्ग्य निबन्धमा देखिन्छ । यस क्षेत्रमा उनको स्थान मूर्धन्य रहेको छ (पोखरेल, २०५०: २४१) । उनका हालसम्म खै-खै (२०१७), बाँच्ने एउटा जिन्दगी (२०४३), फेरि उल्टै मिल्यो (२०२८) र व्यङ्ग्यै व्यङ्ग्य (२०४८) गरी चारवटा निबन्ध सङ्ग्रहहरू प्रकाशित भएका छन् । धर्मशास्त्रीय कर्मकाण्ड र मूर्तिपूजामा आस्था नराख्ने पिंडालीले समर्पित भाव र मेहनतविना हास्यव्यङ्ग्य लेखन सम्भव हुँदैन र यसका लागि अत्यावश्यक लेखकीय गुण, भाषिक दक्षता, सीप आदि चाहिनुका साथै आफूमा अभिव्यक्तीय कौशल र भाषिक

चातुर्यको क्षमता विकसित गर्नुपर्छ भन्ने मान्यता राख्दछन् (पौडेल,२०७०: २१७) । समाज वा सिङ्गै राष्ट्रका अगाडि देखिएका विकृति र विसङ्गतिमाथि दरो ढङ्गले व्यङ्ग्य प्रहार गर्नु हास्यव्यङ्ग्य लेखकको मूल उद्देश्य रहनुपर्छ भन्ने मान्यतामा अडिग पिंडालीको खै-खै निबन्ध खै खै निबन्ध सङ्ग्रहभित्र सङ्गृहीत हास्यव्यङ्ग्य निबन्ध हो । यस लेखमा प्रबन्ध वक्रताका दृष्टिले खै-खै निबन्धको विश्लेषण गरिएको छ ।

## २ वक्रोक्तिको सैद्धान्तिक पर्याधार

वक्र र उक्ति दुई शव्दको योगबाट बनेको वक्रोक्ति शव्दको अर्थ बाङ्गो, टेडो वा कुटिल अर्थ अथवा घुमाउरो भनाइ भन्ने हुन्छ । साहित्यिक रचना वा काव्यको व्याकरणका रूपमा लिइने वक्रोक्तिलाई शैलीविज्ञानका सन्दर्भमा विचलन पनि मान्न सकिन्छ (सिंह,ई.१९८७: ७६) । आचार्य कुन्तकले अघि सारेको वक्रोक्तिवादलाई साहित्यिक समालोचनाको वस्तुवादी सिद्धान्तका रूपमा पनि लिइएको पाइन्छ (शर्मा र लुइँटेल,२०६१:९३) । लोकमा प्रचलित कथनभन्दा भिन्न कुनै वैचित्र्यपूर्ण कथनका रूपमा वक्रोक्तिलाई चिनाउने कुन्तकले यसलाई नै काव्य रचनाको सर्वस्व मानेका छन् (उपाध्याय,२०३६:२४०) ।

## २.१ वक्रोक्तिको पृष्ठभूमि र यसका प्रकार

वक्रोक्ति सिद्धान्तको प्रतिपादनको श्रेय आचार्य कुन्तकलाई जान्छ तापनि यसको परम्परा उनका पूर्ववर्ती आचार्यहरूसँग जोडिन पुग्दछ । साहित्यशास्त्रमा बक्रोक्तिलाई प्रवेश गराउने कार्य भामहले गरेका हुन् । भामहले अलङ्कारको स्वरूप निर्धारण गर्ने सन्दर्भमा अतिशयोक्तिलाई वक्रोक्तिको सञ्ज्ञा दिँदै यसैबाट भावको विभावना हुन्छ र यो विना कुनै अलङ्कारको सृष्टि हुँदैन भन्दै वचनमा निहित वक्र अर्थ र शव्दमय उक्ति नै अलङ्कार बन्दछ भनेका छन् (उपाध्याय, २०३६:२३७) भामह पछि दण्डीले पनि बक्रोक्तिलाई एक अलङ्कार विशेषका रूपमा स्वीकार गरेका छन् । उनले समस्त वाङ्मयलाई स्वभावोक्ति र वक्रोक्ति गरी दुई भेद मानेर वक्रोक्तिमा प्रायः श्लेषले सौन्दर्यको पुष्टि गरेको हुन्छ भन्ने मानेका छन् (उपाध्याय, २०३६: २३८) । दण्डीपछि वामनले वक्रोक्तिलाई सादृश्यमा निर्भर रहने लक्षणाका रूपमा चर्चा गरेका छन् भने रुद्रटले श्लेष वक्रोक्ति र काकु वक्रोक्तिका रूपमा वक्रोक्तिलाई विभाजित गरेर वक्रोक्तिको अस्तित्व स्वीकार गरेको देखिन्छ । आनन्दवर्द्धनले अतिशयोक्तिको चर्चाका क्रममा प्रत्येक अल्ङ्कार रचनामा कविले प्रतिभावश केहीकेही अतिशयोक्ति गरेकै हुन्छ र त्यस अर्थमा वक्रोक्ति सकल अलङ्कारको मूल हुन्छ भन्दै भामहको समर्थन गरेका छन् (उपाध्याय,२०३६: २३९) ।

वक्रोक्तिको उपर्युक्त पृष्ठभूमिमा भएको आचार्य कुन्तकको आगमनसँगै वक्रोक्तिले छुट्टै सिद्धान्तको स्वरूप ग्रहण गरेको देखिन्छ । कुन्तकले नै वक्रोक्तिलाई काव्यको सर्वस्व ठहऱ्याउँदै वक्रोक्तिवादको स्थापना गरेका हुन् । उनका अनुसार कविप्रतिभा प्रसुत सौन्दर्यछटामा आश्रित असाधारण वा विशिष्ट प्रकारको उक्ति नै वक्रोक्ति हो (उपाध्याय,२०३६:२४१) ।

आचार्य कुन्तकले वक्रोक्ति सिद्धान्तको विस्तृत विवेचना गरिसकेपछि यसका प्रकारहरूको पनि चर्चा गरेका छन् । उनका अनुसार वक्रोक्तिका वर्णविन्यास वक्रता, पदपूर्वार्द्ध वक्रता, पदपरार्द्ध वक्रता, वाक्य वक्रता, प्रकरण वक्रता र प्रबन्ध वक्रता गरी छवटा प्रकार रहेका छन् । उक्त भेदको सङ्क्षिप्त परिचय क्रमशः तल दिइएको छ ।

### *२.१.१ वर्णविन्यास वक्रता*

साहित्य (काव्य) संरचनामा भाषिक सौन्दर्य स्थापनार्थ एक, दुई वा अनेक पटक केही अन्तरका साथ गरिने व्यञ्जन वर्णको आवृत्तिलाई वर्णविन्यास वक्रता भनिन्छ । यही वर्णविन्यास वक्रतालाई अलङ्कारका सन्दर्भमा

अनुप्रासका रूपमा लिइन्छ । (नगेन्द्र, ई.१९९५: ५५) आधुनिक पाश्चात्य समालोचना प्रणाली शैलीविज्ञानका दृष्टिले भाषाप्रयोगमा वर्ण र शव्दको नियमित पुनरावृत्तिलाई समानान्तरता भनिने (गौतम,२०५३: १६२) हुनाले शैलीविज्ञानको समानान्तरता र वक्रोक्तिवादको वर्णविन्यास वक्रतामा साम्यता रहेको प्रस्ट हुन्छ ।

### *२.१.२ पदपूर्वार्द्ध वक्रता*

व्याकरणमा पदपूर्वार्द्धलाई प्रकृति पनि भनिन्छ । पद सुवन्त र तिङन्त दुई प्रकारका हुन्छन् । सुवन्तको पूर्वार्द्ध प्रातिपदिक हुन्छ भने तिङन्तको धातु हुन्छ । पद भन्नाले वाक्यमा प्रयोग भएको विभक्तिसहितका शव्दलाई बुझ्नुपर्ने हुन्छ । पदका प्रकृति र प्रत्यय गरी दुई अङ्ग हुने हुनाले पदपूर्वार्द्ध वक्रताको सम्बन्ध मूल शव्दको वक्रतासँग हुन्छ । यसका पनि रुढिवैचित्र्य वक्रता, पर्याय वक्रता, उपचार वक्रता, विशेषण वक्रता, संवृति वक्रता, वृत्ति वक्रता, लिङ्गवैचित्र्य वक्रता र क्रियावैचित्र्य वक्रता गरी आठ भेद मानिएको छ (नगेन्द्र,१९९५: ५९) ।

### *२.१.३ पदपरार्द्ध वक्रता*

पदपरार्द्ध वक्रतामा पदको उत्तरभागको महत्त्व रहन्छ । यसमा सामान्यतया प्रत्ययको वैचित्र्य विन्यास गरिने भएकाले यसलाई प्रत्यय वक्रता पनि भन्ने गरिन्छ (अवस्थी र तिवारी, १९७२:११०) । कुन्तकले पदपरार्द्ध वक्रताका कालवैचित्र्य वक्रता, कारक वक्रता, वचन वक्रता, पुरुष वक्रता, उपग्रह वक्रता, प्रत्यय वक्रता गरी छवटा भेदको उल्लेख गरेका छन् (नगेन्द्र, १९९५:७६) ।

### *२.१.४ वाक्य वक्रता*

वाक्य अनेक पदहरूको संयोजनबाट निर्मित भाषिक एकाइ हो । अर्थका दृष्टिले हेर्दा आफैमा पूर्ण अनेक पदहरूको अर्थ संयोजित रूप नै वाक्य हो । त्यसैले वाक्यगत वैचित्र्यलाई वाक्य वक्रता भनिन्छ र यसलाई वस्तु वक्रता पनि भनिन्छ । यसका पनि सहजा र आहार्य गरी दुई भेद देखाइएको छ (नगेन्द्र,१९९५: ८५) ।

### *२.१.५ प्रकरण वक्रता*

वास्तवमा समस्त कथाविधानको नाम प्रबन्ध हो भने त्यसको अलग अलग प्रसङ्गलाई प्रकरण भन्न सकिन्छ । त्यसैले जहाँ प्रसङ्ग विशेषको उत्कर्षबाट सम्पूर्ण प्रबन्ध उज्ज्वल वा आल्हादित भएर आउँछ त्यहाँ प्रकरण वक्रता हुन्छ अर्थात् सम्पूर्ण प्रबन्धलाई दीप्त गर्ने प्रसङ्गविन्यासलाई प्रकरण वक्रता भनिन्छ (नगेन्द्र,१९९५: ९४) । आचार्य कुन्तकले यसका पनि भेद उपभेदको चर्चा गरेका छन् ।

### *२.१.६ प्रबन्ध वक्रता*

विभिन्न प्रकरणहरूको सामञ्जस्यताबाट निर्मित सिङ्गो काव्य रचना प्रबन्ध हो भने जहाँ लेखक प्रबन्ध वैचित्र्य उत्पन्न गर्दछन् त्यहाँ प्रबन्ध वक्रता उत्पन्न हुन्छ । वास्तवमा प्रबन्ध स्वयंमा पूर्ण सम्बद्ध र अन्वितिपूर्ण हुने हुनाले प्रबन्ध कल्पनाको समग्र सौन्दर्यलाई प्रबन्ध वक्रता भनिन्छ (नगेन्द्र,१९९५: १००) । यसका पनि मूल रस परिवर्तन वक्रता, समापन वक्रता, कथाविच्छेद वक्रता, अनुप्रासङ्गिक फल वक्रता, नामकरण वक्रता र उद्देश्य वक्रता गरी छवटा भेद देखाइएको छ ।

यसरी हेर्दा वक्रोक्ति सिद्धान्तमा शव्द र अर्थको चमत्कारभन्दा अगाडि बढेर रचनाको प्रकरण र प्रबन्धतत्त्वमा समेत ध्यान दिँदै रचनाविधान र कथनप्रणालीको विश्लेषणलाई मूल लक्ष्य बनाइएको देखिन्छ । आचार्य कुन्तकले उल्लेख गरेको वर्णविन्यास वक्रतादेखि प्रबन्ध वक्रतासम्मलाई दृष्टिगत गर्ने हो भने वक्रोक्ति सिद्धान्तमा व्यावहारिक समालोचनाको आधुनिक उपकरण भेटाउन सकिन्छ (सिंह,१९८७:७५) । यस सिद्धान्तका

आधारमा कुनै पनि साहित्यिक रचना वा कृतिको सबैभन्दा तल्लो भाषिक एकाइ वर्णदेखि सबैभन्दा माथिल्लो एकाइ प्रबन्ध वा सङ्कथनको क्रमशः विश्लेषण गर्न सकिन्छ ।

## ३. खै-खै निबन्धमा प्रबन्ध वक्रता

कुन्तकले वक्रोक्ति सिद्धान्तको प्रतिपादन गर्दा कवि प्रतिभा र काव्य (पद्य) रचनालाई केन्द्रमा राखेको देखिन्छ । त्यसैले उनले कवि प्रतिभा अनन्त हुने कुरा स्वीकार गर्दै वक्रोक्तिका पनि मुख्यमुख्य प्रकार उल्लेख गरेर यसका अनन्त भेद हुने कुराको सङ्केत गरेका छन् । यहाँ पद्य रचनाको नभई गद्य रचना निबन्धमा प्रबन्ध-कल्पनाको समग्र सौन्दर्य खोज्ने प्रयासस्वरूप संरचनात्मक वक्रता, विषयवस्तुगत वक्रता, शैलीगत वक्रता र उद्देश्यगत वक्रताको विश्लेषण गरिएको छ ।

### ३.१ संरचनागत वक्रता

खै-खै निबन्धको बाह्य संरचनात्मक आकार करिब १७९३ शव्द, १७९ वाक्य र १९अनुच्छेद मिलेर तयार भएको छ । बाह्य संरचनामा रहेका १७९ वाक्य र १९ अनुच्छेदलाई सिगरेटजस्तो सूक्ष्म विषयवस्तुले एक आपसमा अन्वित गरेको देखिन्छ । बाह्य रूपमा सिगरेटलाई विषयवस्तु बनाएको देखिए पनि आन्तरिक रूपमा भने लहलहैमा लागेर बिग्रने उमेरसमूहको मानसिकता, अनियन्त्रित महङ्गाइ, आत्मनिर्भरतालाई त्यागेर परनिर्भरतालाई अँगाल्नमा खुसी हुने नेपाली प्रवृत्ति, आफ्नो स्वविवेक र क्षमताले नभई अर्कैको आड भरोसा एवं निर्देशनमा चल्ने राजनीतिज्ञ, समाजमा व्याप्त आर्थिक विभेद, दण्डहीनताले मौलाएको अपराध मनोवृत्ति, घुसखोरी र भ्रष्टाचार, ऐन, नियम र कानुनप्रति बेखवर नेपाली चरित्र, कालोबजारी तथा कर्मभन्दा भाग्यमा विश्वास गर्ने नेपाली मानसिकता जस्ता विविध विषय र प्रकरण चुरोट र त्यसका विशेषता वर्णनसूत्रमा एक अर्कासँग समन्वित भई सिङ्गो प्रबन्धको आन्तरिक संरचना तयार भएको छ । बाह्य रूपमा चुरोटको वर्णन भए पनि विभिन्न प्रसङ्गमा आएका उपर्युक्त प्रकरणका कारण आन्तरिक रूपमा प्रबन्ध वैचित्र्य उत्पन्न भएको छ ।

### ३.२ विषयवस्तुगत वक्रता

खै-खै निबन्ध मूलतः हास्यव्यङ्ग्यात्मक निबन्ध हो । यस प्रकारका निबन्धमा समाजमा व्याप्त विसङ्गति र विकृतिजन्य विषयको उपस्थापन गर्नका लागि बाह्य रूपमा एउटा विषयको उठान गर्ने र आन्तर्यमा अर्कै विषयको प्रस्तुति गर्दै उपस्थापित विषयवस्तुप्रति तीव्र व्यङ्ग्यका साथ सुधारको चाहना व्यक्त गरिएको हुन्छ । त्यसैअनुरूप यस निबन्धमा विचरण गर्दा बाह्य रूपमा हेर्दा चुरोटको तलतल र कुलतलाई मुख्य विषयवस्तु बनाएको जस्तो देखिए पनि आन्तरिक रूपमा विविध विषयवस्तुको प्रस्तुतिलाई प्रभावकारी बनाउने साधनका रूपमा मात्र लिइएको देखिन्छ ।

यस निबन्धले उठान गरेको पहिलो विषय हो मनोवैज्ञानिक पक्ष । यहाँ तीन खाले मनोदशा वा मनोवृत्तिको चित्रण गर्न खोजिएको देखिन्छ । तिमध्ये पहिलोमा किशोर किशोरीको मानसिकतालाई प्रस्तुत गरिएको छ । वास्तवमा निश्चित उमेरका किशोर किशोरीहरूको मानसिकता आफ्नो बुद्धि र विवेकभन्दा साथीभाइको सङ्गत र सल्लाहलाई विश्वास गर्ने खालको हुन्छ । यस्तो उमेरमा आफ्ना आमाबाबु इष्टमित्रले देखाएको बाटोभन्दा पनि लहलहैमा लागेर कुलत र कुबाटोमा लाग्न सक्ने बढी सम्भावना रहन्छ । कालान्तरमा पछुताउनु पर्ने अवस्था आउने कुराको बोध भए पनि कुलतमा लागिसकेपछि आफ्नो परिवार, आफन्त र आफ्नो स्वस्थ्य भन्दा त्यही कुबाटो र कुलतमा हिडाउने साथीहरू प्रिय लाग्न थाल्छन् भन्ने यथार्थलाई निम्नलिखित उद्धरणबाट प्रस्ट पारिएको छ -

> बाबुले हकाई-हकाई, आमाले फकाइ-फकाई कति भने केटाकेटीमा चुरट नखानु भनेर,कानमा बतास लाइएन । अव आज आएर पछुताउनुपरिरहेछ । खानु के छ र, उही पनि यो महँगीको चुरट त? आफ्नो रगत पसिनाको पच्चीस प्रतिशत आम्दानीलाई डाँडो कटाउनु छ र जीउ बिगार्नु छ । तारिफ ! तै पनि खाइ नै रहेछु ( खै-खै, अनु.१) ।

मनोदशाको चित्रणकै क्रममा सधै निम्नस्तरका सामान प्रयोग गर्ने व्यक्तिका हातमा कहीँ कतैबाट उच्चस्तरीय वस्तु हात लाग्यो भने कसरी त्यसलाई सबैका सामु प्रदर्शन गर्न चाहन्छ भन्ने मानवीय मनोवृत्तिलाई निम्न तथ्यका माध्यमबाट चिरफार गरिएको छ । जस्तैः

> त्यस दिन मेरो एक जना खाइलाग्दा मित्रले मलाई एउटा असल चुरट दिएका थिए । खूव चल्तीको बडादमीहरू भेटिने सडकमा पुगेर त्यसलाई सल्काएँ । गम्म बास्ना आयो, मैले सोँचें, मेरो दायाँ-वायाँ हिँडेका भलादमीहरूको नाकमा पनि सायद यो बास्ना छाउने धुवाँ घुस्दो हो । मलाई आफ्नो व्यक्तित्व त्यसबेला अलि उठेको जस्तो लाग्यो । म झ्याल-झ्यालमा आँखा तान्दै हिँड्न थालेँ (खै-खै, अनु.११) ।

यसै प्रसङ्गमा कर्ममा भन्दा अन्धविश्वास र भाग्यवादमा विश्वास गरेकै कारण पछौटे जीवन बिताइरहेका नेपालीहरूको मानसिकताको चिरफार गर्दै त्यसप्रति व्यङ्ग्य प्रहार गर्न निबन्धमा निम्न उद्दरण आएको छः

> मेरो मनमा झ्वास्स हुन्छ- रेन्जर्स चिट्ठाको पहिलो इनाम तार आएको छ । खुल्ने दिन पनि अस्ति थियो । पक्का पनि हो । साधारण चिठी भए साइकलबाट ओराल्ने थिएन । ऊ आइपुग्छ, म पनि साइकलबाट उत्रेको हुन्छु । के हँ ? म अत्तालिँदै सोध्छु (खै-खै, अनु.१७)।

अनियन्त्रित बजार र त्यसबाट नेपालीहरूले बेहोर्नुपरेको चर्को मूल्यबृद्धिको मारलाई यस निबन्धले दोस्रो विषयवस्तुका रूपमा प्रस्तुत गरेको छ । निबन्धमा निबन्धकारले नेपालको सामाजिक, आर्थिक, राजनैतिक र प्रशासनिक क्षेत्रमा देखिएको विकृति, विसङ्गति, कुरीति, ढिलासुस्तीलाई व्यङ्ग्यात्मक रूपमा प्रस्तुत गरेका छन् । प्रत्येक क्षेत्रमा रहेका पदाधिकारी, कर्मचारी तथा नेतृत्ववर्गका लाचारी प्रवृत्ति तथा जिम्मेवारहीन गतिविधिलाई निबन्धमा प्रस्तुत गरिएको पाइन्छ । नेपाली जनता उपभोग्य वस्तुको मूल्य आफ्नो पहुँचभन्दा पर पुगे पनि सहन वाध्य छन् भन्ने तथ्यलाई व्यङ्ग्यात्मक तवरले निबन्धमा यसरी प्रस्तुत गरिएको छः

> नेपालमा प्रत्येक मालको भाउ छिनमा तोला, छिनमा मासा भइरहन्छ । त्यस दिन सुने- चुरोटको भाउ धरहराको टुप्पामा चढ्यो । आफू त भइयो पुड्के, हात पनि लामा लामा भएनन् । धरहराको टुप्पामा पुग्ने त के हेर्दै पनि पछारिने डर । पेट काटी, गाँस काटी गर्ज टार्दै छु । (खै-खै, अनु.२) ।

परनिर्भतामा बाँच्न चाहने नेपालीहरूको प्रवृत्तिलाई यस निबन्धले अर्को विषयवस्तुका रूपमा आत्मसात् गरिएको छ । वीरता, इमान्दारी, स्वाभिमानी तथा आत्मनिर्भरतामा बाँचेर नै नेपाली पुर्खाहरूले संसारभर आफ्नो जातीय चिनारी दिएका थिए तर आजको पुस्ता ती सबै गुणलाई विर्सेर परनिर्भर हुँदै गएको कुरा समेत निबन्धको विषय बनेको समालोचकको धारणा छ (पन्त, २०५० :२९७) । त्यस्तै सिङ्गै देश आफ्ना उद्योगधन्दा, तथा कलकारखाना बन्द गरेर सामान आयात गर्न खुसी छ भने आम नागरिक जतिसुकै सम्पन्न भए पनि अत्यावश्यक उपभोग्य समग्री पनि अरुसँग मागेर गुजारा चलाउन पाएमा आनन्द अनुभूत गर्न थालेको कुरा पनि निबन्धमा चित्रित भएको देखिन्छ । गरिबी र अभावद्वारा सिर्जित बाध्यताका कुरा अर्कै हुन् तर सक्षम हुँदा हुँदै पनि अर्काको कमाइ र पराया पसिनामा तर मार्न पाए सन्तोष मान्ने प्रवृत्ति विकास हुँदै गएकोमा दुःख प्रकट गर्दै यस्ता प्रवृत्तिप्रति निबन्धमा चोटिलो व्यङ्ग्य प्रहार गरिएको छ भन्ने पन्त (२०५०: २९७) को विचार छ । यस्ता परनिर्भताजन्य प्रवृत्तिलाई प्रस्तुत गर्दै निबन्धमा भनिएको छः

> नेपालमा मान्छे प्रायः सलाई किन्दैनन्,खै-खै मै निर्भर रहेर चुरट खान्छन् (खै-खै, अनु.३) । ...बाजेले मागी-मागी नै 'गोरखा' सल्काए, बाबुले यही चालाले 'माइ डार्लिङ' उडाए । प्रजातन्त्र आइसक्यो, तर पनि यी मागी-मागी नै मोटर तानिरहेछन् र 'कैँची' चलाइरहेछन् (खै-खै, अनु.१४) ।

खै-खै निबन्धमा नेपालको विकृत राजनीति र त्यसलाई सञ्चालन गर्ने राजनीतिज्ञप्रति पनि व्यङ्ग्य प्रहार गरिएको छ । वास्तवमा राजनीति भनेको आम नागरिकका नागरिक हकको सुरक्षा गर्दै उनीहरूको सेवा गर्ने नीति हो र नेता भनेका त्यो नीतिलाई कार्यान्वयन गर्ने सेवक हुनु पर्ने हो तर नेपालमा त्यस्तो देखिएन । दुई चार जनालाई छाडेर भन्ने हो भने नेपालको राजनीतिमा लाग्नेहरू सीमित स्वार्थ, पारस्परिक खिचातानी, पदलोलुपता, अवसरको खोजी र धनको अत्यधिक मोह बोकेका पाइन्छन् । त्यसमा पनि चाकडी चापलुसी, नातागोता, घुसपैठ, सिफारिस र छहारीबाट नेता बनेका निकै देखिन्छन् (पन्त, २०५०: ३०२) । आफ्नो बुद्धि र विवेकले भन्दा अरूको आड, भरोसा र इसारामा चल्ने अनि सोझा सिधा जनतालाई विभिन्न लोभ-लालच र प्रलोभनमा पारी झुक्याएर सत्तामा पुग्ने र धन-दौलतको जोहो गर्दै आफन्तको मायाजालमा रमाउने नेताहरूलाई लक्षित गर्दै निबन्धमा भनिएको छः

> वनस्पति नेताको उपमा सुन्दा तपाईँलाई आश्चर्य लाग्ला-स्वभाविक पनि छ, किनकि भाँडिएको राजनीति भएको देशमा नेता दुई थरिका हुन्छन् भन्ने तपाईँलाई थाहा छैन होला । अब यसको पनि केही खुलस्त दिइहालूँ । छोटकरीमा भन्छु- चोखा घिउको अगाडि दूध, दही र नौनीको इतिहास भएझैं चोखा नेताको पनि यस्तै इतिहास हुन्छ । घास-घूसबाट मेसिनद्वारा तत्काले बनाउने कृत्रिम घिउलाई वनस्पति भनिन्छ । वनस्पति नेतालाई पनि तपाइँ यस्तै सम्झनुहोस् (खै-खै, अनु.४) ।

यस निबन्धले नेपाली समाजमा भएको आर्थिक विभेदको खाडल र भ्रष्टाचारजन्य प्रवृत्तिलाई पनि व्यङ्ग्य गरेको देखिन्छ । वर्गीय विभेद र त्यसले उत्पन्न गरेको समस्यालाई पनि यस निबन्धमा चित्रण गरिएको छ । नेपालमा एकाथरि वर्ग दिनभर काममा जोतिएर पनि दुई छाक हातमुख जोड्न पनि धौधौ हुने छ भने अर्को थरि गरिबलाई कजाएर दिन दुईगुना रात चौगुना कमाउने वर्ग पनि छ वा हुने खाने र हुँदा खाने दुई वर्ग नेपालमा छन् । यहाँ जतिसुकै प्रयत्न गर्दा पनि उच्चवर्गीय शोषणका कारण आर्थिक जीवनस्तर उकास्न नसक्ने र विविध प्रकारका शोषण सहेर पनि त्यही गरिबीमा बाँच्न वाध्य जनताको व्यथा अनि आधारभूत आवश्यकता समेत पूरा गर्न नसक्ने नेपालजस्तो विकसोन्मुख देशमा राज्यसंयन्त्रको फितलो व्यवस्थापनबाट फाइदा उठाएर विकासनिर्माणमा छुट्याइएको बजेट भ्रष्टाचार गर्ने कर्मचारीको मानसिकतालाई समेत यस निबन्धमा कडा व्यङ्ग्य प्रहार गरिएको छ । जस्तैः

> मलाई झोक त चल्छ, त्यस ठुटोलाई त्यहीँ मिल्क्याइदिऊँ, तर देख्छु-चुरट प्रायः सिङ्गै नै छ, फेरि मेरो धीत पनि मरेको कहाँ हुन्छ र ? यो लिनुदिनुमा मेरो त्यो चुरट नमरे पनि अधमरो चाहिँ त भएकै हुन्छ । यो ध्यान राख्नुहोला मेरो चुरट मैजस्तो एउटा गरिब जातको हुन्छ । गरिब चुरट होस् या मान्छे, ठोसाइमा परेपछि झरिलो रहन सक्दो रहेनछ (खै-खै, अनु.५)।... म सधैं दुईपैसे चुरट खाने मान्छे, असल चुरटमा भ्रष्टाचार पनि चल्छ भन्ने त त्यस दिन पो थाहा पाएँ । (खै-खै, अनु.१२)

सामाजिक विकृति तथा मानवीय कमजोरीलाई यस निबन्धमा व्यङ्ग्य गरिएको छ । विभिन्न ऐन, नियम र कानूनको अवज्ञा गर्दा आनन्द महसुस गर्ने दुर्गुण पर्याप्त देखिनु, सार्वजनिक यातायातभित्र धुम्रपान, मद्यपान तथा सुर्तीजन्य पदार्थको सेवनमा प्रतिबन्ध लगाए पनि सार्वजनिक क्षेत्रमा त्यस्ता पदार्थको सेवन गर्दा गौरव गर्ने विकृतिजन्य समाजको चित्रण निबन्धम गरिएको पाइन्छ । त्यस्तै पार्किङ्ग निषेध गरिएको ठाउँमा गाडी रोकेर आराम गर्ने चालक, फोहर फाल्न निषेध गरिएको ठाउँमा फोहर फाल्दा गौरव गर्ने सर्वसाधारण, दिसा-पिसाव मुक्त

क्षेत्रमा शौच गर्दा आनन्द मान्ने व्यक्ति, निषेधित क्षेत्रमा नारा जुलुस गर्दा मख्ख पर्ने राजनीतिक नेता कार्यकर्ता र नियम-कानुनका उल्लङ्घनकर्तामाथि व्यङ्ग्य गरिएको पाइन्छ । निबन्धमा यस्ता दुर्गुणप्रति तीव्र व्यङ्ग्य प्रहार गरिएको छ, जस्तैः

> तपाईं भन्नुहोला, सडकमा नखा । सम्भव छ र यो ? फेरि अम्मल भनेको वस्तु यस्तो हुन्छ कि जहाँ, जुन ठाउँमा निषेध हुन्छ त्यहीँ नै यसको तलतल बढ्ता लाग्दछ । पहिले त सडकमा मात्र किन, यो खै-खै का जात जहाँ पनि हुन्छन् । सिनेमा, होटल र यस्तै सार्वजनिक ठाउँमा त झन् धावा नै पो बोल्दछन् (खै-खै, अनु.१३) ।

निबन्धकारले अझ अगाडि बढेर राज्यको दण्डहीनताको प्रवृत्तिले गर्दा यत्रतत्र उल्लिखित उल्लङ्घनकर्ता भेटिने मात्र होइन बलियाले निर्धालाई घात गर्ने प्रवृत्तिको पनि बढोत्तरी हुन पुगेको हुनाले यसतर्फ सम्बद्ध निकाय सचेत हुन जरुरी छ भन्ने कुराको सङ्केत पनि गरेका छन् । दण्डहीनता बढेकै कारण अनाहकमा निर्धाले अन्याय सहेर बस्न विवश हुनुपर्दछ भन्ने कुरालाई निम्न तथ्यद्वारा देखाइएको छः

> यसपछि झिमिक्क के भएथ्यो, हेर्छु त चित् म त्यहीँ भुइँमा । बाटो हिड्नेले छेकथुन गरेर पो, नत्र म त्यसै दिन मेरो मोक्षप्राप्ति हुने थियो । बाफ रे बाफ । त्यसपछि पनि सात दिनसम्म मेरो कम्मर दुखिरह्यो । त्यसैले म खै-खै लाई उपेक्षा गर्न सक्तिनँ । के गरूँ ? निर्धो मान्छे (खै-खै, अनु.७ ) ।

यस निबन्धले आत्मसात गरेको अर्को विषय व्यापारीवर्गमा रहेको कालाबजारी हो । यहाँका व्यापारी सधैं मजबुरीको फाइदा उठाउने ध्याउन्नमा रहन्छन् । कसरी उपभोग्य वस्तु गोदाममा थन्क्याएर कृत्रिम अभावको सृजना गरी बढी मूल्य लिएर चोरबाटोबाट सामान बिक्री वितरण गर्न सकिन्छ भन्ने बहाना खोजिरहेका हुन्छन् । उनीहरूको यस धन्दाले किसान र निम्नवर्गीय पिसिएका छन्, मध्यमवर्गीयको ढाड भाँचिएको छ, राजनीतिज्ञ कर्मचारी वर्गले कमाइखाने ठाउँ पाएका छन् भन्ने विषयलाई निबन्धमा उठान गरिएको छ ( पन्त,२०५०: ३०३) । मुठ्ठीभरका व्यक्ति मोटाएर देशलाई कङ्गाल गराउने व्यापारिक क्षेत्रको नाफाखोरी तथा कालाबजारीजन्य रोगलाई नियन्त्रण गर्न नसक्ने सरकार र त्यस्ता कार्यमा लिप्त व्यापारीलाई व्यङ्ग्य गर्दै निम्नलिखित तथ्य प्रस्तुत गरिएको छ :

> त्यस दिन सरकारले सगर्व रेडियो फुक्यो, 'मुद्रा विनिमय दर नियन्त्रणका लागि चुरटको आयातमा पचास प्रतिशत कमी गरिन्छ ।' दुर्भाग्यको कुरा, बिजुलीमा भोल्टेज त्यसै बेला कम भएछ । चुरटका व्यापारीहरूले सुनेछन्, पैठारी भइसकेका सर्वजातका चुरट भोलि सुन हुन्छन् । ए, अनि त के थियो मैले बजारमा चुरटको दर्शन पाउन त नास्तिकले भगवान्को दर्शन पाउनुजत्तिकै गाह्रो भयो । म त फत्र्याक-फत्र्याक त्यो दिन चुरट खान नपाएर । स्तुतिगान, पूजा-पाठ, व्रत, उपासना आदिको प्रभावबाट चुरट-भवानीले बजारमा फेरि प्रकट भएर दर्शन दिनुभयो, तर डेढी मोटो भाउ धारण गरेर (खै-खै, अनु.१६)।

यसरी खै-खै निबन्धभित्र गरिएको विषयवस्तुगत विश्लेषणलाई हेर्दा के निष्कर्षमा पुग्न सकिन्छ भने कथन वैचित्र्य सिर्जनका लागि निबन्धकारले चुरोट वा धुम्रपानजस्तो सूक्ष्म विषयको उठान गर्दै समाज र राष्ट्रमा रहेका अनेकौं विसङ्गति-विकृति तथा मानवीय दुष्प्रवृत्तिप्रति व्यङ्ग्य प्रहार गर्दै वृहत् विषयवस्तुलाई प्रस्तुत गरेका छन् । यसमा २००७ सालको परिवर्तन लगत्तैको परिवेशमा व्याप्त समस्यामा केन्द्रित भई लेखिएको भए पनि वर्तमानमा समेत ती समस्या ज्युँका त्युँ छन् । त्यसैले प्रस्ट रूपमा वर्तमान नेपालका समस्यामूलक विषयवस्तुलाई व्यापक रूपमा उठान गर्न निबन्धकार सफल भएका छन् ।

## ३.३ शैलीगत वक्रता

स्रष्टाको अभिव्यक्तिगत ढाँचा, रीति वा पद्धतिलाई शैली भनिन्छ । यसलाई व्यापक अर्थमा लिने हो भने शैली भन्नाले कुनै पनि काम गर्ने विशिष्ट ढङ्ग भन्ने बुझिन्छ (तिवारी, १९७७ २१) । हरेक व्यक्तिको व्यक्तित्वमा फरकपन भएझैं अभिव्यक्तिगत पद्धतिमा पनि व्यक्तिपिच्छे फरकपन हुन्छ, तर साहित्यिक अभिव्यक्तिका सन्दर्भमा रचनाकारको यस्तो यस्तो विशिष्ट रचना प्रकार वा अभिव्यक्तिलाई शैली भनिन्छ, जसमा भाषिक एकाइको सौन्दर्यबोधक समुच्चय हुन्छ र भाषा एवं विषयका दृष्टिबाट विचलन हुन्छ (शर्मा, २०४८: ३)। भाषिक तत्त्वद्वारा कथ्यको प्रकाशन गरिने शैलीलाई अत्यन्त व्यापकता प्रदान गर्दै यसको वैज्ञानिक विश्लेषणभित्र सम्पूर्ण साहित्यशास्त्र र सौन्दर्यशास्त्रका मान्यताहरू स्वतः समाहित हुन आउने व्यापक अवधारणाका रूपमा पनि लिइएको पाइन्छ (नेपाल, १९९२: ५२ ) । हरेक सर्जकले आफ्ना अभिव्यक्तिलाई विश्वसनीय, सहज सम्प्रेषणीय, कलात्मक र वक्रोक्तिमय भाव अभिव्यक्तिका लागि विविध शैलीगत उपकरणको प्रयोग गरेको हुन्छ किनभने शैली विषयवस्तुलाई सजाउने त्यस तरिकाको नाम हो जसले विषयवस्तुको अभिव्यक्तिलाई सुन्दर एवं प्रभावपूर्ण बनाउँछ (वर्मा,१९८५:८३७) ।

उपर्युक्त शैलीगत अवधारणाका आधारमा खै-खै निबन्धभित्र विचरण गर्दा निम्नानुसारको शैलीगत विशेषतालाई पर्गेल्न सकिन्छ । सर्वप्रथम यस निबन्धको शीर्षकलाई हेर्दा के देखिन्छ भने खै-खै को सामान्य सम्बोधनजन्य अर्थलाई व्यापकता प्रदान गरेर आम नेपालीको परनिर्भर चरित्रको अर्थ श्लेष गरी शीर्षकको अर्थ विचलनबाट नामकरण वक्रता उत्पन्न गरिएको छ । बाह्य रूपमा चुरोटलाई वर्ण्य विषय बनाएर आन्तर्यमा सिङ्गो नेपाल र नेपाली समाजमा व्याप्त विसङ्गति र विकृतिलाई उठान गरी व्यङ्ग्य प्रहार गरिएकाले सिङ्गो निबन्ध वक्रोक्तिमय भएको छ । त्यसैले यसमा लेखकको मुख्य रूपमा व्यङ्ग्य शैली प्रयोग गर्ने मनसाय भएकाले नै उक्त विचलन गरिएको हो भन्ने प्रस्ट हुन्छ ।

आत्मपरक लेखनशैलीलाई अँगालेका निबन्धकारले यस निबन्धमा अधिकांशतः छोटाछोटा सरल वाक्यको प्रयोग गरेका छन् । ठाउँठाउँमा एकातिर समानान्तरता अर्थात् वर्णविन्यास वक्रताको प्रयोग गरेर भाषामा कवितात्मक सौन्दर्य प्रकट गरिएको छ भने अर्कातिर शाब्दिक अर्थमा श्लेष अर्थात् आर्थी विचलन गरी भाषालाई सोद्देश्यमूलक अथवा वक्रोक्तिमय बनाइएको छ । ठाउँठाउँमा उखान टुक्काको प्रयोग गरिएको प्रस्तुत निबन्धमा तत्सम, तद्भव र आगन्तुक गरी तीनै प्रकारका शब्दको प्रयोग गरिएको छ । सरल, सहज र बोधगम्य भाषाशैलीको प्रयोग गरिएको प्रस्तुत निबन्धमा उठान गरिएका समग्र विषय र त्यससँग सम्बद्ध आन्तरिक विचारलाई सिगरेटजस्तो सूक्ष्म विषयमा एकाकार गरिएको छ । चुरोट वा धुम्रपानलाई सम्बन्धसूत्रको रूपमा प्रयोग गरेर एकातिर समग्र विचारलाई बन्धन गर्न निबन्धकार सफल देखिन्छन् भने अर्कातिर उखान टुक्काको प्रयोग अनि आर्थी विचलनले गर्दा समग्र निबन्ध वक्रोक्तिमय बनेको प्रस्ट देखिन्छ ।

## ३.४ उद्देश्यगत वक्रता

प्रत्येक साहित्यिक कृति वा रचना कुनै न कुनै प्रयोजनको पूर्तिका लागि लेखिएको हुन्छ । वास्तवमा त्यही प्रयोजन नै उद्देश्य हो । यस सम्बन्धमा पूर्वीय र पाश्चात्य दुवै आचार्यहरूले व्यापक चर्चा गरेको पाइन्छ । पूर्वीय साहित्यमा सर्जकका दृष्टिले कीर्ति वा यश मुख्य प्रयोजन र अरू सबै गौंण अनि पाठकका दृष्टिले आनन्दानुभूति वा रसमग्नता मुख्य प्रयोजन र अरू सबै गौण मानिएको छ भने पश्चिमी साहित्यको प्रयोजन सधैँ परिवर्तन भइरहेको

पाइन्छ । प्रारम्भतिर पश्चिमी समाज र सभ्यता धर्मका प्रभावमा रहेको हुँदा साहित्यको प्रयोजन पनि सुधारवादी मानिएको छ भने पछि कलावादी प्रयोजनको स्थापना भएको छ (गौतम,२०५३ः १७०) । यसबाट के पुष्टि हुन्छ भने कुनै पनि कृतिबिना उद्देश्य सिर्जना गरिँदैन र त्यस्तो उद्देश्य फरक फरक हुन सक्छ । कुनै रचनाको उद्देश्य पाठकलाई स्वस्थ मनोरञ्जन गराउनु हुन्छ भने कुनैको सत्यको प्रतिष्ठा गर्नु हुन्छ । त्यसै गरी कुनै रचनाको उद्देश्य जनजागृति ल्याउने हुन्छ भने कुनैको सामाजिक समस्याको चित्रण गरी सुधारको चाहना व्यक्त गर्नु हुन्छ । उद्देश्य जे जस्तो र जसरी व्यक्त भए पनि यसलाई निबन्धको आवश्यक संरचक घटकमध्ये एक मानिन्छ । उद्देश्यलाई समष्टिगत रूपमा सूचनात्मक, अनुनयात्मक र मनोरञ्जनात्मक गरी तीन वर्गमा विभाजन गर्न सकिन्छ । यस आधारमा हेर्दा निबन्धकारले या त कुनै पनि विषयको वर्णन गरी पाठकलाई सामान्य जानकारी मात्र दिने उद्देश्य राखेको हुन्छ या त कुनै विषयको वर्णन विश्लेषण गरेर त्यसमा अन्तर्निहित कमीकम्जोरीप्रति व्यङ्ग्य गर्दै त्यसमा सुधारको उद्देश्य राखेको हुन्छ या त पाठकलाई तत्काल मनोरञ्जन दिलाउने उद्देश्य राखिएको हुन्छ (गौतम,२०५३ः १७२) । विशेष गरी हास्यव्यङ्ग्य रचनामा रचनाकारले ठाउँठाउँमा विशेष किसिमको हास्य परिवेशको सिर्जना गरी पाठकलाई काउकुती लगाएर हँसाउछन् र त्यही हाँसोभित्र व्यङ्ग्य प्रत्यारोपण गरी भावकलाई सोच्न वाध्य गराउँदै सुधारको चाहना राखेका हुन्छन् । यहाँ उपर्युक्त अवधारणालाई आत्मसात् गरी खै-खै निबन्धको उद्देश्य विधानलाई केलाउने कार्य गरिएको छ ।

खै-खै निबन्ध मूलतः हास्यव्यङ्ग्य निबन्ध हो । यसमा निबन्धकारले पाठकलाई हँसाउँदै लगेर अन्त्यमा उपस्थापित विषय वा प्रसङ्गप्रति गम्भीर रूपले ध्यान केन्द्रित गराएका छन् । यहाँ धुम्रपानको लत र त्यसले सिर्जना गरेका समस्याजन्य विषयवस्तुलाई बाह्यरूपमा उपस्थापित गरिएको भए पनि मूल उद्देश्य व्यङ्ग्य र सुधारको चाहना रहेको देखिन्छ । सलाई वा लाइटर नकिनेर काम चलाउन खोज्ने धुम्रपानकर्ताको प्रसङ्ग, चुरोटको ठुटोको अङ्गभङ्गता, सार्वजनिक स्थलमा धुम्रपानमा लगाइएको प्रतिबन्ध, धुम्रपानजन्य वस्तुमा बढाइएको कर, सस्तो र महङ्गो चुरोटको प्रसङ्ग, चुरोट सल्काउन नदिँदा चुटाइ खानुपरेको परिस्थितिजस्ता प्रसङ्गहरू मूलतः नेपाल र नेपाली समाजमा रहेका विसङ्गति, विकृति, नाफाखोर एवं कालाबजारीया व्यापारी चरित्र, घुसखोर कर्मचारीको दुस्प्रवृत्ति एवं कडाइका साथ कानुनी राज्यको स्थापना गर्न नसक्ने सरकारी संयन्त्रमा रहेका विकृतिहरू उदाङ्ग पारी त्यसको सुधारको चाहना व्यक्त गर्ने उद्देश्यपूर्तिका लागि निबन्ध लेखिएको देखिन्छ । शव्दार्थमा गरिएको विचलन र उखान टुक्काको प्रयोगले धुम्रपानका अम्मलीहरूको विकृत पक्षलाई चित्रण गर्दा गर्दै पनि माथि उल्लेख गरिएका विकृति, विसङ्गति, दुस्प्रपृत्तिप्रति व्यङ्ग्य प्रहार गर्दै सुधारको चाहना व्यक्त गर्ने उद्देश्य प्राप्तिमा खै-खै निबन्ध सफल भएको छ ।

## ३.५ निष्कर्ष

खै-खै मूलतः हास्यव्यङ्ग्य निबन्ध भएकाले यसमा अभिधार्थमा धुम्रपान र धुम्रपानका अम्मलीहरूको कमी कमजोरीलाई चित्रण गरिएको देखिए पनि व्यङ्ग्यार्थमा यस निबन्धमा अनेक विषय र प्रकरणलाई अभिव्यञ्जित गरिएको पाइन्छ । निबन्धभित्र विभिन्न प्रकारका श्लेष अर्थात विचलन अनि वर्णविन्यास वक्रता अर्थात समानान्तरताको प्रयोगले भाषिक सौन्दर्यको उपस्थापनका साथ उक्ति वैचित्र्यता प्रकट भएको छ । यसै गरी अधिकांशत छोटाछोटा सरल वाक्यको प्रयोग गर्दै आत्मपरक शैलीमा अभिव्यक्त प्रस्तुत निबन्ध अन्तर्निहित उद्देश्य प्राप्तिमा सफल रहेको छ । यसरी उक्ति वैचित्र्यता प्रकट गर्दै चुरोटजस्तो सूक्ष्म विषयका माध्यमबाट विविध विषय र प्रकरणलाई निबन्धात्मक सङ्कथनमा प्रस्तुत गरिएको छ ।

**सन्दर्भसामग्री**

अधिकारी, अच्युतरमण.(प्र.सम्पा.) २०५०. **उन्नयन. अङ्क १३,** काठमाडौँ : उन्नयन प्रकाशन ।

अधिकारी, हेमाङ्गराज. २०५०. **पूर्वीय समालोचना सिद्धान्त.** लतिपुर : साझा प्रकाशन ।

अवस्थी, कृष्णदत्त र तिवारी, यतीन्द्रनाथ. ई.सं १९७२. **काव्यशास्त्र**. कानपुर १२ : प्रत्युष प्रकाशन ।

उपाध्याय, केशवराज. २०३०. **साहित्य प्रकाश**. ललितपुर : साझा प्रकाशन ।

उपाध्याय, केशवराज.२०३६. **पूर्वीय साहित्य सिद्धान्त**. काठमाडौँ : त्रि.वि. पाठ्यक्रम विकास केन्द्र ।

गौतम, अङ्गद. २०५३. **परशु प्रधानको कथाशिल्प**. विराटनगर : वाणी प्रकाशन ।

नगेन्द्र (प्र.सम्पा.).ई.सं.१९९५.'भूमिका'. **हिन्दी वक्रोक्ति जीवित** (ले. कुन्तक), दिल्ली विश्वविद्यालय, हिन्दी माध्यम कार्यान्वय निर्देशनालय, पृष्ठ १५-१२२ ।

नेपाल, घनश्याम. ई.सं.१९९२. **शैलीविज्ञान**. गान्तोक : आँकुरा प्रकाशन ।

पन्त, जयराज. २०५०. 'हास्यव्यङ्ग्यकार पिंडाली,उनको खै-खै र नेपाली समाज'. **उन्नयन,** अङ्क १३ काठमाडौँ : उन्नयन प्रकाशन, पृष्ठ २८८-३०६ ।

पिंडाली, केशवराज. २०६८. **खै खै** .ललितपुर : साझा प्रकाशन ।

पोखरेल, माधवप्रसाद. २०५०. 'पिंडालीमा हास्य रस' **उन्नयन,** अङ्क १३ काठमाडौँ, उन्नयन प्रकाशन, पृष्ठ २४१-२४८ ।

पौडेल, ज्ञानुवाकर. २०७०. 'पिंडालीसितको अन्तर्वार्ता' **हास्यव्यङ्ग्य विमर्श,** सम्पा. विष्णु प्रभात काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान, पृष्ठ २१६-२२१ ।

बराल, ईश्वर. २०४८. **झ्यालबाट**. ललितपुर : साझा प्रकाशन ।

भट्टराई घटराज. २०४०. **प्रतिभै प्रतिभा र नेपाली साहित्य.** काठमाडौँ, नेसनल रिसर्च यसोसियट्स ।

वर्मा, धीरेन्द्र (प्र.सम्पा.). ई.सं.१९८५. **हिन्दी साहित्य कोश भाग २.** वाराणसी : ज्ञानमण्डल लिमिटेड ।

शर्मा, ऋषिराम. २०७०. **नेपाली वक्रोक्ति परिचय.** भक्तपुर : इन्दिरा अर्याल ।

शर्मा, मोहनराज. २०४८. **शैलीविज्ञान.** काठमाडौँ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

शर्मा, मोहनराज र लुइँटेल, खगेन्द्र. २०६१. **पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त**. काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

श्रेष्ठ, दयाराम. २०७०. **नेपाली कथा र कथाकार.** काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान ।

श्रेष्ठ, दयाराम र शर्मा, मोहनराज. २०३४. **नेपाली साहित्यको संक्षिप्त इतिहास.**काठमाडौँ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

सिंह, वच्चन. ई. सं. १९८७. **भारतीय एवं पाश्चात्य काव्यशास्त्रका तुलनात्मक अध्ययन**. चण्डीगढ : हरियाणा साहित्य अकादमी ।

सिग्द्याल, सोमनाथ. २०२८. **साहित्य-प्रदीप**. विराटनगर : पुस्तक संसार ।